हिमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ८ मिति : २०८०

भाग–१

हिमा गाउँपालिका

कालिकाखेतु, जुम्ला

कर्णाली प्रदेश, नेपाल

## मर्मत सम्भार कोष संचालन निर्देशिका २०८०

## भाग-४
## हिमा गाँउपालिका
## मर्मत सम्भार कोष संचालन कार्यबिधि, २०८०

**प्रस्तावनाः**

भौतिक पुर्वाधार विकासको आधार हो। सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुको महत्वपुर्ण भूमिका खेलेको हुन्छ। सर्वसुलभ यातायात, सिचाईको पँहुच ग्रामीण क्षेत्रसम्म पुर्याउने गाँउपालिकाको लक्ष पनि हो गाँउ-गाँउमा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारु गर्नका लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ। तसर्थ सडक, सिचाई, भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भर कोष स्थापना गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकर प्रयोग गरी हिमा गाँउपालिकाले यो कार्यबिधि बनाएको छ।

## परिच्छेद- १ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो निर्देशिकाको नाम "मर्मत सम्भार कोष संचालन निर्देशिका २०८०" रहेको छ।

ख) यो निर्देशिका तत्काल लागू हुनेछ।

**२. परिभाषाः**

क) "निर्देशिका भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७९ लाई बुझाँउने छ।

ख) गाँउपालिका भन्नाले हिमा गाँपालिका लाई बुझाँउने छ।

ग) स्थानी तह भन्नाले हिमा गाँपालिकालाई बुझाँउने छ।

घ) उपभोक्ता समिति भन्नाले गाँउपालिकाको टोल र बस्ति क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्षे सेवा पुग्ने समूहबाट उक्त योजना सन्चालन गर्ने बनेको संगठन भन्ने बुझिन्छ।

# परिच्छेद- २ (दुई )

## ३. व्यवस्थापन समितिः

क) मर्मत सम्भार कोषलाई बढि प्रभाबकारी र भरपर्दो ढङ्गले संचालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ।

१. गाँउपालिकाको अध्यक्ष - अध्यक्ष

२. उपाध्यक्ष - सदस्य

३. पुर्वाधार विकास समितिको संयोजक - सदस्य

४. बन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक-सदस्य

५. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

६. गाँउकार्यपालिकाको सदस्यहरु मध्यबाट एक जना महिला सहित समितिले तोकेको २ जना - सदस्य

७. आर्थिक तथा प्रशासन शाखा प्रमुख - सदस्य

८. योजना शाखा प्रमुख - सदस्य

९. पुर्वाधार विकास शाखा प्रमुख - सदस्य सचिब

ख) समितिको बैठक कम्तिमा छ महिनामा एक पटक बस्नेछ तर आवस्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सकिने छ।

ग) बैठक भत्ता गाँउ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

घ) बैठकमा आवस्यकता अनुसार कुनै पदधिकारीलाई आमन्त्रण गर्न सकिने छ।

# परिच्छेद- ३ (तीन )

**४. कोष स्थापनाः**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ।

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम।

ग) गाँउ सभाबाट बिनियोजित भएको रकम।

घ) राष्ट्रिय तथा अन्तराष्टिय गै स स हरु बाट प्राप्त हुने रकम।

ङ) गाँउपालिकाको क्षेत्र भित्र सन्चालन हुने पुर्वाधार विकास सम्बन्धि योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम।

च) ऋणबाट प्राप्त हुने रकम।

छ) अन्य स्थानीय तहबाट मर्मत सम्भार बाफत प्राप्त हुने रकम।

ज) बिबिध।

**५. कोष सन्चालन**

क) कोषको नाममा प्राप्त हुन आएको रकम हिमा गाँउपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिने छ।

ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सन्चालन हुनेछ।

ग) कोषको आन्तरिक लेखा परिक्षण गाँउपालिकाको आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ।

# परिच्छेद- ४ (चार )

**६. कोषको खर्च प्रणालीः**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पुर्वाधार विकासको मर्मत सम्भारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिने छ।

क) सडक, कल्भर्ट, पुल, ढल, आदिको मर्मत सम्भार सम्बन्धि कार्य ।

ख) सिचाई, खानेपानि, बिधुत, सार्बजनिक स्थलको मर्मत सम्भार सम्बन्धि कार्य ।

ग) स्कुलको भौतिक पुर्वाधार मर्मत सम्बन्धि कार्य ।

घ) सार्बजनिक निकायको भौतिक संरचना एंव भवनहरुको मर्मत सम्भार सम्बन्धि कार्य ।

## ७. मर्मत सम्भारको लागि छनौटको मापद्धण्डः

उपभोक्ता समितिबाट र वडा कार्यलयबाट, बिद्यालय व्यावस्थापन समितिबाट नियमित पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत वार्षिक कार्यक्रममा समाबेश गर्न भनी माग भई आएको योजनाहरु र गाँउपालिकाले आवस्यक ठानेको देहायको आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क) सबैभन्दा बढी क्षेति भएको भौतिक संरचनाहरु ।

ख) गाँउ यातायात गुरु योजना MTMP मा परेका सडकहरु ।

ग) भौतिक संरचना तथा पुर्वाधारको महत्वको आधारमा ।

घ) लाभान्बित हुने जनसंख्या वा घरधुरीको आधारमा ।

ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

च) सार्बजनिक भौतिक संरचनाको दीर्घकालिन उपयोगिता र आवस्यकताको आधारमा ।

छ) दई वा दुई भन्दा बढी तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भर्ट, कुलो पौनि, बाँध आदि ।

## ८. मर्मत सम्भार कार्य गराउने व्यवस्थाः

गाँउपालिका क्षेत्र भित्र रहेको भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आबधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट आधिकतम रुपमा स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सन्चालन गरिने छ । गाँउपालिकाको क्षेत्र भित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्बार, आवाधिक मर्मत सम्भार, आकास्मिक मर्मत सम्भार प्रचलित कानून बमोजिम हुनेछ ।

# परिच्छेद- ५ ( पाँच )

## ९. संशोधन वा खारेजीः

क) मर्मत सम्भार कोष सन्चालन निर्देशिका संशोधन वा खारेज गर्नु परेमा गाँउकार्यपालिकाबाट हुनेछ ।

ख) यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

ग) यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार सन्चालन ऐन, २०७४ संग बाँझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

## १०.बाधा अड्काउ फकाउने अधिकारः

क) यस कार्यबिधिको कार्यन्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फकाउने अधिकार गाँउकार्यपालिकाको हुनेछ ।

ख) तर प्रचलित ऐन, कानून, नियम र यस कार्यबिधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

११.**बचाउः** यो कार्यविधि जारी हुनु भन्दा अघि भएको काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।